REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 17.05.2026

---

- VP Concludes Sikkim Visit

भारतका उपराष्ट्रपति CP राधाकृष्णनले सिक्किमको एकाउनौं राज्य दिवस समारोहअन्तर्गत सम्पन्न विभिन्न कार्यक्रममा सहभागिता जनाएपछि आज आफ्नो आधिकारिक सिक्किम भ्रमण पूरा गर्नुभयो।

आज बिहान लोकभवनबाट सड़क मार्ग हुँदै प्रस्थान गर्नअघि उपराष्ट्रपतिले पुरानो लोकभवन परिसरमा गुराँसको बिरुवा रोपेर पर्यावरण संरक्षणप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्नुभयो। उपराष्ट्रपति पद सम्हालेपछि उहाँको यो पहिलो आधिकारिक सिक्किम भ्रमण हो।

भ्रमणका क्रममा उपराष्ट्रपतिले हिजो मनन केन्द्रमा आयोजित एकाउनौं राज्य गठन दिवस समारोहमा सहभागिता जनाउँदै विशिष्ट अतिथि, सरकारी अधिकारी तथा सर्वसाधारणसँगै स्मरणोत्सव कार्यक्रमको आनन्द लिनुभयो।

आज बिहान लोकभवनमा आयोजित विदाइ कार्यक्रममा अन्य बाहेक सिक्किमका राज्यपाल ओमप्रकाश माथुर, मुख्यमन्त्री प्रेमसिंह तामाङ, सिक्किम विधानसभा अध्यक्ष मिङ्मा नोरेबु शेर्पा, मन्त्रीगण तथा लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बा उपस्थित हुनुहुन्थ्यो।

--------------------------------------X--------------------------------------

- MP Meets VP

यसैक्रममा, लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले लोकभवनमा उपराष्ट्रपति CP राधाकृष्णनसित भेट गर्दै सिक्किमको राज्य दिवस समारोह उहाँको उपस्थितिले ऐतिहासिक र

गरिमामय बनेको बताउनुभयो। यस अवसरमा डाक्टर सुब्बाले सिक्किमले १९७५ मा संविधान संशोधनमार्फत भारतको बाइसौँ राज्यका रूपमा प्राप्त गरेको ऐतिहासिक यात्राको स्मरण गर्नुभयो।

उहाँले विगत पाँच दशकमा सिक्किमले शान्ति, सामाजिक सद्भाव, पर्यावरण संरक्षण, टिकाउ विकास, शिक्षा तथा सांस्कृतिक संरक्षणका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको उल्लेख गर्नुभयो। यस अवसरमा सांसद डाक्टर सुब्बाले अनुसूचित जनजातिको सूचीबाट छुटेका बाह्र समुदायलाई समावेश, लिम्बू-तामाङ समुदायका लागि विधानसभामा आशन आरक्षण तथा सत्रौँ ग्याल्वा कर्मापाको सिक्किम भ्रमण जस्ता विषयहरूमाथि उपराष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो।

डाक्टर सुब्बाले संविधानको धारा ३७१ 'F' अन्तर्गत प्राप्त विशेष संवैधानिक व्यवस्थामार्फत सिक्किमको पहिचान, जनसांख्यिक सन्तुलन तथा सांस्कृतिक सम्पदाको संरक्षण आवश्यक रहने विषयमा पनि जोड दिनुभयो।

--------------------------------------X--------------------------------------

- **Weather**

भारतीय मौसम विज्ञान विभाग, गान्तोकले आजदेखि तेहीस मईसम्म सिक्किमका विभिन्न जिल्लाहरूमा मेघ गर्जनसहितको वर्षा हुने जनाएको छ। विभागले विशेष मौसम बुलेटीन जारी गर्दै भनेको छ, विशेषगरी मंगन र गान्तोक जिल्लाका उच्च भू–भागहरूमा भारी वर्षा हुनका साथै चट्याङसहित मेघ गर्जन अनि हिमपात हुने सम्भावना छ।

मंगन जिल्लाका लागि आजका निम्ति ओरेञ्ज अलर्ट अनि अन्य जिल्लाहरूमा यस सप्ताहभरिका निम्ति यल्लो अलर्ट जारी गरेको छ। मौसम विभागले पहिरो जानसक्ने, बाढी आउनसक्ने, सडक अवरुद्ध हुनसक्ने, पानी जम्ने, दृश्यता कम हुने तथा यातायात र हवाईसेवा अवरोध हुनसक्ने चेतावनी दिएको छ।

स्थानीयवासी र पर्यटकहरूलाई संवेदनशील र पहिरो जोखिम स्थानमा नजान, यातायात सम्बन्धी सूचनाको पालन गर्न अनि मेघगर्जनको समय सकेसम्म घरभित्र रहन सल्लाह दिइएको छ।

--------------------------------------X--------------------------------------

- **Notification**

गृह विभागद्वारा वाहनको आवागमनमा Odd-Even लागू गर्ने सम्बन्धमा जारी अधिसूचनालाई निरन्तरता दिँदै परिवहन विभागले सर्वसाधारणलाई सहज, सुरक्षित र बाधारहित यातायात सेवा उपलब्ध गराउन विशेष व्यवस्था गरेको छ।

विभागले आज एउटा अधिसूचना जारी गर्दै भनेको छ, अघिल्लो सूचना जारी नभएसम्म भोली सोमबारदेखि लागू हुनेगरी गान्तोकभरि बिहान सातदेखि राति आठ बजीसम्म प्रत्येक तीस मिनेटको अन्तरालमा City Runner बस सेवा सञ्चालन गरिने छ। यो सेवा रानीपुल-देखि सचिवालयसम्म चल्नेछ।

विभागले सर्वसाधारणको आवागमनलाई बाधारहित बनाउने उद्देश्यले शनिबार र आइतबार पनि सार्वजनिक यातायात सेवा नियमित रूपमा सञ्चालन हुने जनाएको छ।

यसैगरी, सबै जिल्लामा विभागले तोकेका मार्गमा सञ्चालित सबै SNT बसहरू यथावत् सञ्चालनमा रहनेछन्। स्थानीय ट्याक्सी तथा ठूला यात्रुवाहक सवारी साधनहरूलाई अनुमति पत्रमा उल्लेखित मार्गअनुसार स्थानीय तथा अन्तरजिल्ला यात्रु सेवा सञ्चालन गर्न अनुमति दिइएको छ।

-------------------------------------X-------------------------------------

- **Sports**

Under 17 राष्ट्रिय फुटबल टोलीकी खेलाड़ी पाकिम निवासी अभिष्टा बस्नेतलाई चीनमा सम्पन्न एशियाली Under-17 महिला फुटबल प्रतियोगितामा सहभागी भई राज्य फर्किने क्रममा आज रम्फूमा भव्य स्वागत जनाइयो। सिक्किम फुटबल सङ्घका अध्यक्ष मेन्ला इथेन्पा र सङ्घका पदाधिकारीसहित नामचेबुङ र पाकिमका वासीन्दाले खादा र पारम्परिक सम्मानका साथ उनलाई स्वागत जनाए।

यस अवसरमा अभिष्टा बस्नेतले यस प्रकारको स्वागतका निम्ति सबैप्रति आभार व्यक्त गरिन। उनले प्रतियोगिताका अनुभव सुनाउँदै यसपल्ट विश्वकपमा छनोट हुन नसके पनि आगामी अवसरमा अझ मेहनत गरेर विश्वकपमा स्थान बनाउने प्रतिबद्धता व्यक्त गरिन्।

--------------------------------------X--------------------------------------

- CBSE – On-Screen Marking

सरकारले भनेको छ, CBSE बाह्रौं परीक्षामा अन-स्क्रीन मार्किङ प्रणालीबाट मूल्यांकनमा पारदर्शिता र निष्पक्षता बढेको छ। बाह्रौंको परिणाममाथि आज नयाँ दिल्लीमा विद्यालय शिक्षा तथा साक्षरता विभाग सचिव सञ्जय कुमारले भन्नुभयो, विद्यार्थीहरूले मार्किङ र उत्तीर्णता प्रतिशतमा सामान्य गिरावटमाथि चिन्ता व्यक्त गरेका छन्। सचिवले भन्नुभयो, CBSE-ले यस वर्ष लागू गरेको प्रणालीबाट मूल्यांकनमा अधिक पारदर्शिता र निष्पक्षता सुनिश्चित हुँदछ।

सचिवले CBSE-ले पुनर्मूल्यांकन शुल्क कम गरेको पनि जानकारी दिनुभयो।

--------------------------------------X--------------------------------------